www.ejanakpurkhabar.com

-First -Fast - Accurate

# जनकपुर खबर

JANAKPUR KHABAR

दैनिक समाचारपत्र

○ वर्ष : १ ○ नमुना अंक : २ ○ शुक्रवार-०३ गते,बैशाख-२०७८ साल [Friday -16, April 2021] ○ पृष्ठ -८ ○ मूल्य :रु. १०/-

## प्रधानमन्त्री तथा ठाकुर बीच बालुवाटारमा भेटवार्ता



२वैशाख,काठमाडौं ।

प्रधानमन्त्री केपी शर्मा ओली र जनता समाजवादी पाटीका अध्यक्ष महन्थ ठाकुरबीच भेट भएको छ। प्रधानमन्त्रीलाई भेट्न ठाकुर बिहीबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा पुगेका थिए।भेटवार्तामा प्रधानमन्त्री र ठाकुर बाहेक कार्यदलका सबै सदस्यहरूको पनि उपस्थिति रहेको थियो। जसपाले राखेका माग पूरा गर्न प्रधानमन्त्रीले एउटा कार्यदल समेत गठन गरेका छन्। कार्यदलमा सरकारको तर्फबाट विष्णु पौडेल, सुवास नेम्वाङ र राजन भट्टराई छन् भने जसपाको तर्फबाट सर्बेन्द्रनाथ शुक्ल र लक्ष्मणलाल कर्ण छन शुक्ल र कर्ण दुवै ठाकुरसँग निकट हुनजसपाले राखेका ५ वटा माग मुद्दा कार्यान्वयन गर्न सरकारले प्रक्रिया अघि बढाएको छ। माग कसरी र कुन प्रक्रियाबाट पूरा गर्ने भन्ने विषयमा बिहीबार बिहान प्रधानमन्त्री र ठाकुरबीच कुराकानी भएको जसपा स्रोतले जनाएको छ। बिहीबार बिहान प्रधानमन्त्रीसँग भेट वार्ता भएको जसपाका अध्यक्ष ठाकुरले स्वीकार गरे।जसपाले सरकारसँग मधेस आन्दोलनको क्रममा लगाइएका झुटा मुद्दा खारेज हुनु पर्ने, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, रेशम चौधरीलाई रिहाइ गर्न वातावरण बनाउनु पर्ने, नागरिकता विधेयक पास गर्नु र संविधान संशोधन गर्नु पर्ने माग राखेको छ। जसपाले राखेका ५ वटा .......बाँकी पृष्ठ ८ मा

## जसपाको मांग नगदमा पुरा गर्ने जो कोहि संग सहकार्य गर्न तयार छौं : नेता महतो




२वैशाख,जनकपुरधाम ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले रेशम चौधरी रिहाईको सहितको मांगमा नगद सहमती गर्ने शक्तिसंग मात्र जसपा नेपाल सहकार्य गर्ने स्पष्ट पारेका छन ।

हँसपुर नगरपालिकाका प्रमुख रामज्ञान मण्डलले नयाँ वर्ष, जुर शितल तथा सिरुवा पर्वको अवसरमा आयोजना गरेको शुभकामना आदान प्रदान तथा नेपाल पत्रकार महासंघ र जनकपुरधाम उद्योग बाणिज्य संघको नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै पुर्व मन्त्री समेत रहेको महतोले भने, 'जसपा सत्ताको अभियानमा नभई आफना मांग पुरा गराउने अभियानमा छ र रहन्छ, त्यसमा क्लियर कट छ, जस्ले क्यासमा सहमती गर्छ उसैसंग जान्छौ ।

धनुषा निर्वाचन क्षेत्र नं. ३ वाट प्रतिनिधीसभा सांसद समेत रहेका महतोले नयाँ सरकार बनाउन जसपाले हलो अटकाएको आरोप लगाउनु गलत रहेको बताए ।

उनले भने, 'हामीले हलो अटकाएको हो भने सरकार बनाउन कस्ले रोकेको छ ? बनाउदा .......बाँकी पृष्ठ ७ मा

## ओएसिस केमिकल ट्रेडर्स

ओर्गेनिक फिनाईल,फ्लोर क्लिनर,टाँयलेट क्लिनर, टायल्स क्लिनर,ग्लास क्लिनर, डिसवास,हैन्डवास,काँपर ब्रास क्लिनर(पिताम्बर) को अनलाइन बिक्रेता

https://www.facebook.com/Oyesis-chemical , Whatsapp:- 9854028150

सम्पर्क :- जनकपुरधाम (९८४४३२५६६२ ) काठमाडौं (९८०८३८२७३३)




A i d F r e e

Pure Organic Dishwashar



जनकपुरखबर डटकम

## सम्पादकीय ...............

# सर्लाहीमा छैन संक्रमितको उपचार तयारी

हाल नेपालमा दैनिक पाँच सयको हाराहारीमा कोरोना संक्रमित भेटिरहेको बेला सर्लाहीमा भने यसको तयारी सुरु भएको देखिदैन । हाल सम्म सर्लाहीमा आईसीयु तथा भेन्टिलेसन समेत व्यवस्था पनि भएको छैन ।

जसले गर्दा महामारीमा बिरामी जटिल अवस्थामा पुगिहाले बाहिर लैजानुको विकल्प छैन भने सबै पालिकाले कोभिड अस्पताल समेत सञ्चालन गर्न सकेका छैनन्। प्रदेश सरकारले सबै जिल्लामा पिसिआर मेशिन जडान गर्ने निर्णय गरेको भए पनि हाल सम्म जडान भएको छैन ।

अर्को तिर पालीका तथा सरोकार वाला सबैले क्वारेनटाइन व्यवस्थापनमा समेत ध्यान दिएको देखिदैन । सर्लाहीमा कोरोना महामारी भयावह अवस्थामा पुग्यो भने के गर्ने भन्नेमा सबै अन्यौलता रहेको छ । माथिबाट जस्तो निर्देशन आउँछ, आफूँहरुले त्यस्तै तयारी गर्ने जिल्ला अस्पताल सर्लाहीका प्रमुख डा. सञ्जीव सिंहको कथन रहेको छ ।

छिमेकी मुलुक भारतमा कोरोनाको संक्रमण भयावह रूपमा बढी रहेको अहिलेको अवस्थामा सर्लाहीमा भने कुनै चेकजाँच बिनै मानिसहरू नाका वारपार गरिरहेका छन ।

अत: यसको नियन्त्रण तथा समन्वय गर्नुपर्ने जिल्ला प्रशासन कार्यालय भने पछिल्लो परिवेशलाई हेरेर कार्यक्रम गर्दा भिडभाड कम गर्ने तथा मेला महोत्सव नगर्न निर्देशन दिनु बाहेक अरू केही गरेको देखिन्न । जसले गर्दा महामारीले यहाँ ठुलो रूप लिएमा यसको नियन्त्रण गर्न झन गाह्रो हुने देखिन्छ ।

गत वर्षको फितलो तयारी र स्वास्थ्य योजना बाट पाठ सिक्दै यस वर्ष तयारी धैरै हुनु पर्नेमा हाल सम्म पनि त्यसो नभएको हो ।

सर्लाहीमा पनि महामारी बढेमा गत वर्ष जस्तो भौंतारिनु र तयारी नपुगेको भनेर पन्छिनु बाहेक अरू उपाय हुँदैन । त्यसैले समयमै यसको तयारीमा लाग्नु पर्ने देखिन्छ ।

### जनकपुरधामको आवश्यक सर्म्पक नम्बरहरु

| | | |
|---|---|---|
| १. | सैप्टिक टैंक सफाई | ५२१२६२/९८४४०२८१५० |
| २. | धनुषा विकास केन्द्र | ५२४८५२ /९८००८८११२९ |
| ३. | बारुण यन्त्र (दमकल) | ५२००११ /९८५४०२००१४ |
| ४. | जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| ५. | जिल्ला प्रहरी कार्यालय धनुषा | ५२००९९/५२४१०० |
| ६.. | सशस्त्र प्रहरी बल मुझेलिया | ५२७२१३ /५२७८०० |
| ७ . | जनकपुर एयरपोर्ट कार्यालय | ५२००४४ |
| ८. | शाह केवल टि.भि.नेटवर्क | ५२४७२२ |
| ९. | एम्बुलेन्स रेडक्रस | ५२०८७० |
| १०. | कृष्णा नर्सीङ होम | ५२१९१८ |
| ११. | एयरपोर्ट | ५२००४४ |
| १२. | होटल वेलकम | ९८०१६२००६५ |
| १३. | जनकपुर रेल्वे | ५२०२११ |
| १४. | बस पार्क | ५२०९९८ |
| १५. | रक्त संचार केन्द्र | ५२०८७० |
| १६. | नेशनल सोलिड वेस्ट मैनेजमेन्ट | ९८००८८११२९ |

# कोरोना महामारी : यस्तो छ खाडी र मलेसियाको खबर

काठमाण्डौ - अघिल्लो वर्ष, २०२० को मार्चदेखि सुरु भएको कोरोना महामारीले गएको नोभेम्बरसम्म विश्वभरि एकप्रकारको त्रास बनाइराख्यो ।

त्यो समय सामाजिक, आर्थिक हिसाबले कमजोर रह्यो । कोरोनाको कहरका बीच धेरैले रोजगारी गुमाए । वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरु पनि यसबाट आतंकित बने । बिस्तारै कोरोनाविरुद्धका खोपहरु आए ।

मानिसहरुमा केही आशाका किरण जागे । लामो समय सम्म लकडाउन भोगिरहेका देशहरुले लकडाउनलाई आफू अनुकूल खुकुलो पार्दै लगे । मानिसको जीवनशैली एक प्रकार ले सामान्य हुँदै गयो । तर पछिल्लो समय युरोपेली देशबाट सुरु भएको कोरोनाको नयाँ प्रकार (भेरियन्ट)ले सामान्य अवस्थामा फर्केको कोरोना कहरलाई फेरि ब्युँताइदियो ।

यसले नेपालीहरुको वैदेशिक रोजगारीको गन्तव्य देश विशेष गरी मलेसिया र खाडीका देशमा पनि असर गरेको छ। त्यहाँ कार्यरत लाखौं नेपाली श्रमिकहरु यस बाट प्रभावित भएका छन । ती देशहरुले आफ्ना नयाँ रणनीतिहरु तथा स्वास्थ्यका मापदण्डहरु अघि सारेका छन । कति देशले उडान बन्द गरेका छन भने कतिपय देशमा पहिलेजस्तै कम्पनी बन्द छन । श्रमिक कोठाभित्र थन्किएका छन । समग्रमा यी देशहरुको पछिल्लो अवस्था यस्तो छ :

## मलेसिया

मलेसियामा जनवरी १३ देखि संकटकाल लागू भएको छ । कोरोनाको संक्रमण बढ्दै गएपछि त्यहाँको सरकारले जनवरी १३ देखि संकटकाल घोषणा गरेको हो । ६ महिनाको लागि भनेर तोकिएको संकटकाल कोरोनाको अवस्था सामान्य भएपछि बीचमा पनि खोल्न सक्ने जनाइएको थियो ।

तर पछिल्लो समय लकडाउन खोल्ने नखोल्ने बारेमा केही पनि जानकारी नमिलेको मलेसियामा रहेको नेपाली दूतावासले जनाएको छ । यो समयमा सतर्कता अपनाउन र मलेसिया सरकारले निर्देशन गरेका मापदण्डको पालना गर्न दूतावासले आग्रह गरको छ । मलेसियामा ३ लाख ६७ हजार ९ सय ७७ जनामा संक्रमण पुष्टि भएको छ । मलेसियामा संक्रमण दर बढीरहेको देखिन्छ । यस्तै संक्रमणमुक्त हुने दर पनि बढी नै छ । अहिलेसम्म मलेसियामा ३ लाख ४९ हजार बढी निको भइसकेका छन । मलेसियामा अहिलेसम्म कोरोनाका कारण एक हजार ३ सय ६३ जनाले ज्यान गुमाइसकेका छन ।

## यूएई

यूएईमा पनि पछिल्लो समय कोरोनाको नयाँ भ्येरियन्टको असर देखिएको छ । यूएईले लकडाउन भने गरेको छैन । व्यापारिक क्रियाकलापहरु सामान्य रुपमा चल्दै आएका छन । तर स्वास्थ्यका मापदण्डहरु भने अनिवार्य गरिएको छ । यूएईले स्वदेशी तथा विदेशी नागरिकलाई कोरोनाको खोप नि:शुल्क उपलब्ध गराएको छ ।

यूएई सरकारले कोरोना विरुद्धको भ्याक्सिन सातै इमि रेट्सहरूका तोकिएका स्वास्थ्य केन्द्रहरूमा नि:शुल्क रूपमा उपलब्ध छ । यूएईमा रहेका नेपाली नागरिकले पनि ती केन्द्रमा गएर भ्याक्सिन लगाउन सक्ने दूतावासले जनाएको छ । यस्तै अहिले रमजानको बेला यूएईमा नियम भने कडाइ गरिएको छ । एउटै परिवारका बाहेक अरुसँग बसेर खान खान पाइने छैन । यस्तै ईफ्तार टेन्ट राख्न नमिल्ने जनाइएको छ । यस्तै भण्डारा गर्न, चन्दा दिन पनि रोक लगाइएको छ ।

यूएई सरकारले अवलम्बन गरे बमोजिमका स्वास्थ्य प्रोटोकलहरूको पूर्ण पालना गरी उच्च सुरक्षा एवं सतर्कता अपनाउन यूएईमा रहेका नेपालीलाई दूतावासले आग्रह गरेको छ । यूएईमा चार लाख ८९ हजार ४ सय जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने अहिलेसम्म ४ लाख ७३ हजार भन्दा बढी संक्रमणमुक्त भइसकेका छन ।

यूएईमा कोरोनाका कारण १५ सय ४१ जनाले ज्यान गुमाइसकेका छन्। पछिल्लो समय यूएईमा कोरोना संक्रमणदर न्यून छ ।

## साउदी अरेबिया

साउदीले पनि कोरोनाको संक्रमण बढेसँगै व्यापारिक गतिविधिमा रोक लगाएको छ । मल तथा रेस्टुरेन्टहरुमा मानिसहरुको संख्या सीमित गरिएको छ । साउदीमा पनि त्यहाँका नागरिक लगायत आप्रवासीहरुलाई कोरोनाको खोप प्रदान गरिँदै आएको छ । अहिलेसम्म ६५ लाख मानिसलाई खोप लगाइसकेको साउदी सरकारले जनाएको छ ।

साउदीले पूर्णतया लकडाउन भने लागू गरेको छैन । तर कोरोना नियन्त्रणको लागि मापदण्डहरुको कडा पालना गर्नु पर्ने नियम भने लगाएको छ। साउदीले कोरोना नियन्त्रणको लागि भनेर आफ्ना अन्तर्राष्ट्रिय उडानहरु बन्द गरेको छ । मे १७ देखि मात्र उडान खुला गर्ने जनाएको छ ।

कोरोना भाइरसको महामारी सुरु भएदेखि नै साउदीमा क्लिनिकहरुले कोरोनासम्बन्धी उपचारको सेवा दिँदै आएका छन । सबै क्लिनिकहरुलाई कोरोना परीक्षण केन्द्र तथा उपचार केन्द्र बनाइएका छन । त्यहाँ गएर जो कसैले पनि पीसीआर परीक्षण गर्न सक्छन ।

अहिलेसम्म लाखौंले सेवा लिइसकेका साउदीको स्वास्थ्य मन्त्रालयले जनाएको छ । साउदीमा अहिलेसम्म चार लाख एक हजार मानिसमा कोरोना संक्रमण पुष्टि भएको छ । जस मध्ये ३ लाख ८५ हजार भन्दा बढी निको भइसकेका छन भने ६ हजार ७ सय जनाको ज्यान गएको छ ।

## कतार

कोरोनाको दोस्रो भ्येरियन्टको जोखिम बढेसँगै कतारमा पूर्ण लकडाउन सुरु भएको छ । सुरक्षाका मापदण्डमा पनि थप कडाइ गरेको छ। मार्च २६ देखि लागू गरेका मापदण्डमा कतारमा निजी तथा सरकारी क्षेत्रका बैठकहरुमा पाँच जनाभन्दा बढी उपस्थित हुन रोक लगाएको थियो ।

फेरि कोरोना नियन्त्रण बाहिर जान थालेपछि अप्रिल ७ देखि लकडाउनमा कडाइ गरेको छ । अहिले व्यापारिक भवनहरुमा हुने क्रियाकलापलाई ३० प्रतिशतमा सीमित गरिएको छ।कतारमा रहेका सबै सार्वजनिक पार्क, सार्वजनिक समुद्री किनार, कर्निस लगायत अन्य सार्वजनिक स्थलहरु पनि बन्द हुने छन । यस्तै प्रकारका अन्य सार्वजनिक स्थलमा एकै परिवारका दुई जनाभन्दा बढी जान रोक छ ।

सिनेमा हल, ब्युटी पार्लर, रेस्टुरेन्टहरु पूर्ण बन्द गरिएका छन । यस्तै कतारले निजी अस्पतालका इमर्जेन्सी सेवा बाहेकका सबै सेवा बन्द गर्न समेत निर्देशन दिएको छ ।

कुनै कामका लागि पनि घरबाट बाहिर निस्किँदा एटेराज एप्लिकेशन अनिवार्य मोबाइलमा राख्न कतार सरकारले निर्देशन दिएको छ । निर्देशनको पालना नगरेमा कडा कारबाही हुने भन्दै त्यहाँ रहेका नेपालीहरुलाई निर्देशनको पालना गर्न दूतावासले आग्रह गरेको छ ।

कतारमा अहिलेसम्म १ लाख ९२ हजार बढी कोरोना संक्रमित भएका छन । तीमध्ये एक लाख ७१ भन्दा बढी निको भइसकेका छन भने अहिलेसम्म कोरोना संक्रमित ३ सय ४८ जनाले ज्यान गुमाएका छन ।

## ओमान

ओमानमा इस्लाम धर्मावलम्बीहरुको पवित्र महिना र मजानको अवधिभर अर्थात अप्रिल १२ देखि मार्च १२ सम्म लागू हुने गरी साँझ ९ बजेदेखि बिहान ४ बजेसम्म सम्पूर्ण व्यापारिक गतिविधि तथा सवारी साधन र मानिसहरूको आवतजावतमा प्रतिबन्ध लगाएको छ ।यस्तै ओमानमा मस्जिदहरूमा जम्मा भएर गरिने प्रार्थनामा प्रतिबन्ध लगाएको छ। मस्जिद लगायतका अन्य सार्वजनिक स्थलहरूमा जम्मा हुन तथा भेला गर्न प्रतिबन्ध लगाएको छ । रमजानको अवधिभर सामाजिक तथा साँस्कृतिक कार्यक्रम, खेलकुद लगायत सम्पूर्ण सामूहिक गतिविधिहरू गर्न पनि प्रतिबन्ध लगाएको ।यस्तै ८ अप्रिलदेखि ...........बाँकी पृष्ठ ३ मा

# जिब्रो छेडी टोलटोल घुमे बुद्धकृष्ण

२वैशाख,भक्तपुर ।

मध्याह्न १२ बजेदेखि नै मध्यपुरथिमिको बोडे क्षेत्रमा मान्छेहरूको भीड बढ्दै गयो । हेर्दाहेर्दै मध्यपुरथिमि नगर पालिका बोडेको पाँचो गणेशको दक्षिण फर्केको पाटी आसपासदेखि बोडेको अधिकांश क्षेत्रमा मानिसको भीड बढ्दै गयो । कोरोना सङ्क्रमणको महामारी फैलिँदै गए पनि त्यसको बेवास्ता गर्दै जात्रास्थलमा मध्यपुरथिमि बोडेको प्रसिद्ध जिब्रो छेड्ने जात्रा हेर्न एकैछिनमा मानिस खचाखच भए ।



बाँसको चिम्टी बजाउँदै एकहुल मानिस हातको साङ्लो बनाएर आयो, सबैको ध्यान त्यतै केन्द्रित भयो, त्यही भीडको बीचमा जिब्रो छेड्न तयार भए बुद्धकृष्ण । बोडेका सबै देवीदेवताको मन्दिरमा पुगेर पूजा गर्दै ४८ वर्षीय बुद्धकृष्ण वागश्रेष्ठ त्यहाँ आइपुग्नुभएको हो । बोडेका बासिन्दाले उहाँको जयजयकार गरे ।

पाँचो गणेशको दक्षिण फर्केको पाटीमा बनाइएको मञ्चमा उक्लिएपछि कमी नाइकेहरूले वरिपरी अक्षता र फूल छर्किएर देवीदेवतालाई सम्झँदै धुपबत्ती बालेपछि एक महिनाअघि तयार पारी तेलमा डुबाइराखेको १० ईन्च लामो सुइरोले हजारौँ मानिसकै अगाडि वागश्रेष्ठको जिब्रो छेडियो ।

त्यसपछि उहाँले सबैलाई नमस्कार र अभिभावदन गरेपछि चन्द्राकारको भ्वाय् अर्थात महाद्वीप बोकेर निस्किए बुद्धकृष्ण । महाद्वीप बोकेर करीब पौने एक घण्टासम्म बोडेको टोलटोल घुमेर पुनः भाँगु टोलमा पुगेर महालक्ष्मी मन्दिर भित्र प्रवेश गरेपछि सुइरो निकालेर मन्दिरमा ठोकिएपछि यो जात्रा सम्पन्न भयो । मध्यपुरथिमि नगरपालिकाले सञ्चालन गरेको नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा लामो समयदेखि एम्बुलेन्स चालकको रूपमा कार्यरत बुद्धकृष्ण कोरोना महामारी शुरु भएसँगै गत वर्षदेखि कोभिडका बिरामी मात्रै बोक्ने आइसोलेटेड एम्बुलेन्स चलाएर कोरोना सङ्क्रमितको सेवा गर्दै आउनुभएको छ ।

चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्राङ्गणमा लिङ्गो उठाएपछि जिब्रो छेड्ने व्यक्तिले निराहार व्रत बसेर आज जिब्रो छेडेपछि जिब्रोको घाउमा महालक्ष्मी मन्दिरको माटो झिकेर लाएर जिब्रो छेड्ने व्यक्तिले नाट्यश्वरको पूजा गरेका थिए । प्वाल भएको जिब्रोमा महालक्ष्मीको माटो लगाए घाउ निको हुने र त्यसमा अन्य औषधि लाउनु नपर्ने श्रेष्ठले बताउनुभयो ।परम्परादेखि चल्दै आएको जिब्रो छेड्ने जात्रालाई लोप हुनबाट जोगाउन यस वर्ष पनि आफूले बिज्रो छेडेको बताउनुभयो । यसअघि २०६१ सालदेखि ०६४ सालसम्म जिब्रो छेडेको उहाँले आमाको निधनपछि बोडेको जुजुभाइ बाँसश्रेष्ठले ०६५ देखि ०७२ सालसम्म जिब्रो छेडेर यो जात्रालाई निरन्तरता दिनुभयो । विसं २०७६ मा पुनः जिब्रो छेड्नु भएका बुद्धकृष्णले गतवर्ष लकडाउनका कारण जात्रा हुन नसक्दा जात्रा रोकिए पनि यस वर्ष भने आठौँ पटक जिब्रो छेड्नुभएको हो । विसं २०६० सम्म उहाँकै दाजु कृष्णचन्द्र वागश्रेष्ठले १२ वर्षसम्म निरन्तर रुपमा जिब्रो छेडेर जात्रा चलाइएको थियो । आगामी वर्षमा जात्रा सञ्चालनमा सङ्कट नआओस् भनेर बुद्धकृष्णको छोराले जिब्रो छेड्ने तयारीमा राखेको बताइएको छ ।

जात्राको किम्बदन्ती अनुसार प्राचीनकालमा बोडेमा नीलबाराहीको दायाँबायाँ बस्ने भूत-प्रेत, पिशाच, ख्याक तथा कङ्काल ९बउचा० ले बोडेका मानिसलाई धेरै दुःख दिने गरेपछि तान्त्रिक भीमदत्त कर्माचार्यले तान्त्रिक विद्याले बोडेभरि पासो राखिदिए । बोडेमा दुःख दिन आएको ख्याक तान्त्रिक भीमदत्तको पासोमा पर्‍यो । भीमदत्तले लामो कपाल, लामो जिब्रो, डरलाग्दो पिशाच नीलबाराहीको दाँहिने पाले भएको थाहा पाएपछि उसको कपाल काटे, लुगा फुकाले र लामो सियो जबर्जस्ती जिब्रोमा घुसारी भाग्न नपाओस् भनी घुँघरु बाँधिदिए । पिशाचको जिब्रो छेडी बलेको महाद्वीप काठको ठूलो भारी बोकाएर बोडे घुमाए । कष्ट सहन नसकी पिशाचले आफूलाई छाडिदिए जुनसुकै वाचा गर्ने बताएपछि भीमदत्तले अब उप्रान्त बोडे देशमा दुःख नदिने, बोडेमा रोग, अनिकाल, अनावृष्टि, अतिवृष्टि, महाभूकम्प हुन नदिने, धर्मको चेष्टा बढाउने र बोडेवासीले भनेझैँ सात वर्षसम्म सोही दिन जिब्रो छेड्न आउनुपर्ने वाचा गराइ छाडिदिएको किंबदन्ती छ ।

एक रात सपनामा नीलबाराहीले आफ्नो द्वारपाललाई अपमानित गरेकाले भीमदत्तलाई बाँकी नराख्ने भनी आक्रोश व्यक्त गरेपछि पछुतो मान्दै भीमदत्तले जिब्रो छेड्नु अगाडि क्षमा पूजा गर्ने चलन चलाए । जुन अहिलेसम्म पनि कायमै छ । वाचा अनुरूप सात पटकसम्म पिशाचको जिब्रो छेडियो र त्यसपछि ऊ नआउने भएपछि भीमदत्त कर्माचार्यले सोही अनुरूप बोडेवासी बाटै जिब्रो छेडाएको किंबदन्ती रहेको स्थानीयवासीहरु बताउँछन । (रासस)

## प्रदेश २ प्रमुखद्वारा गोरखापत्र संस्थान भ्रमण



२बैशाख,काठमाडौं ।

प्रदेश २ प्रमुख प्रमुख डा।राजेश झाले गोरखापत्र संस्थानको भ्रमण गर्नुभयो । सो अवसरमा संस्थानका पत्रकार तथा विभागीय प्रमुख लगायतकासँग अन्तक्रिया गर्दै गोरखापत्र देशको सिङ्गो पुस्तकालय रहेको बताउनुभएको छ । उहाँले प्रदेश २ सांस्कृतिक, धार्मिक ऐतिहासिक रुपमा निकै सम्पनन रहेको ती कुराहरूलाई गोरखापत्रले उचित स्थान दिन आग्रह गर्नुभयो ।

(फोटो : शेखर चौलागाई)

## ........कोरोना महामारी : यस्तो छ

(पृष्ठ २ को शेष ..)

.....लागू हुने गरी ओमानी नागरिक तथा ओमानको आवासीय कार्ड वाहकहरूलाई मात्र ओमान प्रवेश खुला राखिएको छ भने अन्य विदेशी नागरिकलाई ओमान प्रवेशमा प्रतिबन्ध लगाइएको छ । ओमानमा एक लाख ७६ हजार ६ सय ६८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । तीमध्ये एक लाख ५६ हजार आठसय जना निको भइसकेका छन । यस्तै संक्रमित एक हजार ८ सय जनाको ज्यान गएको छ ।




बहराइनमा अहिले व्यापारिक क्रियाकलापहरुलाई केही खुकुलो गरिएको छ । अर्को सूचना नआएसम्मको लागि घर भित्र या बाहिर ३० जना भन्दा बढी भेला नहुन बहराइन सरकारले निर्देशन गरेको छ । सरकारी क्षेत्रमा पनि ७० प्रतिशत कर्मचारीलाई घरबाटै काम गर्न दिइएको छ ।

बहराइनमा रमजानको बेला मस्जिद खोलिएका छन तर कोरोनाको खोप लगाएका व्यक्तिलाई मात्र मस्जिदभित्र प्रवेश गर्न दिने नियम लगाइएको छ ।

मस्जिदभित्र गएर प्रार्थना गर्नको लागि कोरोनाको खोप लगाएको प्रमाणपत्र अथवा कोरोना निको भएको प्रमाणपत्र साथमा हुनुपर्नेछ ।बहराइनमा स्वास्थ्य मापदण्ड अपनाएर व्यापारिक क्रियाकलाप सामान्य रुपमा नै चलिरहेका छन । बहराइनमा अहिले सम्म एक लाख ५९ हजार जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमित मध्ये एक लाख ४८ हजार जना निको भइसकेका छन भने ५ सय ६९ जनाले ज्यान गुमाएका छन । (श्रोत :उज्यालो अनलाइन)

# वीरगंजमा बैशाख २० गतेभित्रै परीक्षा सम्पन्न गरी विद्यालय बन्द गर्ने

२वैशाखवीरगन्ज ।

विभिन्न जिल्लाका विद्यार्थीहरुमा पनि कोरोना भाइरसको संक्रमण पुष्टि हुन थालेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विद्यालय बन्द गर्ने निर्देशन दिएको छ ।

अन्तिम परीक्षा दिने समयमा विद्यालय बन्द गर्दा विद्यार्थीहरुको भविष्य अन्यौलमा पर्ने भएकाले तत्काल विद्यालय बन्द गर्नुपर्ने अवस्था नभएको कारण स्वास्थ्य मापदण्ड अपनाएर वीरगन्जका विद्यालयहरु सञ्चालन भइरहेका बताइएको छ ।

वीरगन्जमा सञ्चालित गौतम स्कुलका व्यवस्थापक रमेश शर्माले अहिले तत्काल विद्यालय बन्द गर्दा विद्यार्थीहरुको परीक्षा प्रभावित हुने बताए ।

उनले नेपाल सरकारले गरेको निर्णयलाई अटेरी पनि गर्न नसकिने र विद्यार्थीहरुको स्वास्थ्यसँग खेलबाड पनि गर्न नसकिने भएकाले चाँडो भन्दा चाँडो अन्तिम परीक्षा सकाएर विद्यालय बन्द गर्ने तयारीमा लागेको बताए ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन ९प्याब्स० तथा एन प्याब्सन, वीरगन्ज महानगर पालिकालगायत सरकारी स्तर बाट हुने निर्णयलाई पालना पनि भाइरस संक्रमण र त्यसले पार्न सक्ने ...बाँकी पृष्ठ ४ मा



# दुई अर्ब लगानीमा खाद्य बैंक स्थापना




२वैशाख,काठमाडौं । (रासस)

प्राङ्गारिक उत्पादनलाई जोड दिने भन्दै स्थापना गरिएको राष्ट्रिय खाद्य बैंकको कार्यालय शुभारम्भ भएको छ ।

'पोषिलो आहारका लागि दिगो कृषि भन्ने नाराका साथ केही महिनाअघि स्थापना भएको बैंकको बिहीबार नयाँबानेश्वरस्थित केन्द्रीय कार्यालय शुभारम्भ गरिएको हो । बैंकका अध्यक्ष शङ्करनाथ उप्रेतीले कृषिमा परनिर्भरता घटाउँदै प्राङ्गारिक उत्पादनमा जोड दिने उद्देश्यका साथ बैंक स्थापना गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार रु दुई अर्ब लगानीमा बैंक स्थापना गरिएको हो ।

बैंकमा हालसम्म ५९० प्रमोटर शेयर सदस्य छन । उक्त सङ्ख्यालाई बढाएर एक हजार जना बनाउने तयारी भइरहेको छ । आवश्यक मापदण्ड पूरा गरी छिट्टै सर्वसाधारणका लागि आइपिओ जारी गर्ने तयारी भएको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । हामीले कृषि उपजको उत्पादन तथा व्यापार गर्ने कम्पनीका रूपमा खाद्य बैंक स्थापना भएको हो । बैंकमार्फत धान, गहुँ, मकै, तरकारी तथा फलफूलको उत्पादन तथा व्यापार गर्छौं । किसानसँग सहकार्य गर्दै उत्पादन बढाउँछौं , उहाँले भन्नुभयो ।बैंकले पहिलो चरणमा २३ जिल्लामा चालु आर्थिक वर्षभित्रै कृषि उत्पादनको काम शुरु गर्ने तयारी गरेको छ । जसका लागि तराईका विभिन्न जिल्लामा ६०० बिघा जग्गा भाडामा लिइसकेको छ ।

जसमा कैलाली, कञ्चनपुर, बर्दिया, झापा, मोरङ, सुनसरी, धनुषा, चितवन, रुपन्देहीसहित १३ जिल्लामा जग्गा लिएर उत्पादन शुरु गरिसकेको छ भने झापा, मोरङ, सुनसरीलगायत जिल्लामा थप जग्गा लिने तयारी पूरा भएको जनाइएको छ । खाद्य बैंक स्थापना गर्नुको मुख्य उद्देश्य कृषिमा परनिर्भरता घटाउने, कृषि उत्पादन बढाउने, रोजगारी बढाउने र प्राङ्गारिक उत्पादनमा जोड दिएर जनस्वास्थ्यको विषयलाई सम्बोधन गर्ने जनाइएको छ ।

# कर्णाली प्रदेश : विश्वासको मतमा मतदान गर्न माओवादी केन्द्रको अपिल




२वैशाख,सुर्खेत । कर्णाली प्रदेशमा माओवादी केन्द्र संसदीय दलको कार्यालयले प्रदेश सभा सदस्यहरूलाई विश्वासको मतमा मतदान गर्न अपिल गरेको छ ।

प्रमुख सचेतक सीताकुमारी नेपालीले हस्ताक्षर गरेको सार्वजनिक अपिलमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल र प्रदेश सभा सदस्यहरूलाई विश्वासको मतमा मतदान गर्न आग्रह गरिएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले शुक्रवार बस्ने प्रदेश सभाको बैठकमा विश्वासको मत लिन लाग्नुभएको छ । दिउँसो २ बजे बस्ने प्रदेश सभाको बैठकमा मुख्यमन्त्री शाहीले विश्वासको मत लिने कार्यसूची राखिएको हो । एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि एक महिनादेखि कर्णाली प्रदेश सरकार अल्पमतमा छ ।

एमालेले गएको चैत ५ गतेदेखि सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । समग्र राजनीतिक परिवर्तन र यसबाट नागरिकले गरेको अपेक्षाअनुसारको विकास र समृद्धिको अभियानलाई कमजोर हुन नदिन विश्वासको मत लिने निर्णयमा पुगेको भन्दै माओवादी केन्द्रले मतदान गर्न आग्रह गरेको छ । 'समग्र राजनीतिक परिवर्तन र यसबाट नागरिकले गरेको अपेक्षाअनुसारको विकास र समृद्धिको अभियानलाई कमजोर हुन नदिन विश्वासको मत लिने निर्णयमा हाम्रो दल पुगेको छ , सार्वजनिक अपिलमा भनिएको छ, 'विश्वासको मतमा मतदान गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल र सम्बद्ध माननीय सदस्यज्यूहरूलाई हार्दिक अपिल गर्दछु । सार्वजनिक प्रतिबद्धता विपरीत केही व्यक्तिको सत्ता स्वार्थले सरकारको साझेदार दल एमालेले समर्थन फिर्ता लिएको र यो कदमले राजनीतिक अस्थिरता निम्तिनुका साथै कर्णालीको समग्र विकास र समृद्धिको जनअपेक्षामा कुठाराघात हुने निश्चित भएको माओवादी केन्द्रले बताएको छ ।

# प्रि-मनसुन अवधि रहेकाले हावाहुरी चलेको हो : मौसमविद्

२वैशाख,काठमाडौं ।

काठमाडौं उपत्यका सहित देशै भर हावाहुरी चलको छ। विहीवार राति ८ बजे पछि देशका अधिकांश स्थानमा हावाहुरी चलेको हो ।

जल तथा मौसम पूर्वानुमान महाशाखाकी वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरका अनुसार प्रि-मनसुन अवधि रहेकाले हावा हुरी चलेकाले सचेत र हनुपर्छ । मानन्धरले भनिन् 'हावाहुरी केही समय चल्ने र सामान्य बर्षा पछि विस्तारै हटेर जानेछ ।

देशको दक्षिण पश्चिमबाट मेघ गर्जन र चट्याङ सहित वर्षा गराउने बादल विकसित भई रहेको र उक्त प्रणाली उत्तरपूर्व तिर सर्ने क्रममा रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले सामाजिक संजाल मार्फत जनाएको छ।



हावाहुरीका कारण केही स्थानमा विद्युत अवरुद्ध भएको छ भने केही स्थानमा रुख हरु ढलेको खबर छ । हावाहुरीका कारण सर्वसाधरण त्रसित बनेका छन ।

# वीरगंजमा बैशाख...

......प्रभाव लाई ध्यानमा राख्दै वीरगन्ज महानगरपालिकाका सम्पूर्ण सामुदायिक र संस्थागत (बोर्डिङ) विद्यालयमा बैशाख १२ गतेदेखि सुरु भई २० गतेसम्म सम्पन्न गरेर विद्यालय बन्द गर्ने निर्णय गरिएको हो ।

परीक्षा सञ्चालन गर्न अनिवार्य रुपले मास्क, सेनिटाइजरको प्रयोग, भौतिक दूरी कायम गरेर बस्ने व्यवस्था तथा परीक्षाथी र शिक्षकको शरीरको तापक्रम नापेर मात्र परीक्षा हालभित्र प्रवेश गर्न दिने निर्णय भएको उनले बताए ।

त्यस्तै अहिले कक्षा सञ्चालन भइरहेका विद्यालयहरुलाई अनिवार्य रुपले विश्व स्वास्थ्य सङ्गठनको निर्देशन अनुसार स्वास्थ्य सुरक्षा मापदण्डहरु अपनाउन आग्रह गरिएको छ ।

स्वास्थ्य सुरक्षा मापदण्ड पालना नभएको पाइएको खण्डमा विद्यालयलाई कारवाही समेत गरिने निर्णय भएको छ ।यता कोरोना संक्रमणका कारण विद्यालय बन्द गर्दा निजी विद्यालयमा कार्यरत शिक्षकहरुको तलब, भत्ताप्रति पनि सम्बन्धित निकायले ध्यान पु-याईदिनुपर्ने शिक्षक प्रेम गुरुङले आग्रह गरे ।

साथै, विद्यालय बन्द गर्नु समस्याको समाधान नभएको तर, बन्द नै गर्नुपरे पनि अनलाइन कक्षा जस्ता विकल्प खोज्दै शिक्षकको तलबको पनि विकल्प खोज्नु पर्ने बताए ।

सके सम्म घरभित्रै बसौं ,
कोरोना भाइरसबाट
आफु जोगिऊ अरुलाई नि जोगाऔं ।
धनुषा विकास केन्द्र
जनकपुरधाम ( प्रदेश २ )

# पर्यटनमैत्री कानून र पूर्वाधार विकासमा जोड



२वैशाख,काठमाडौं ।

मुलुकको अर्थतन्त्रको प्रमुख प्राथमिकतायुक्त क्षेत्रका रुपमा रहेको पर्यटन क्षेत्रको बृहतर विकास तथा वर्तमान कोभिड-१९ महामारीबाट सुरक्षित पर्यटकीय गतिविधि सञ्चालनका लागि नीतिगत सुधार तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनुपर्नेमा सांसदहरुले जोड दिनुभएको छ । संसद्को अन्तरराष्ट्रिय सम्बन्ध समितिको आजको बैठकमा बोल्ने अधिकांश सांसदले विदेशी मुद्रा आर्जन गर्ने महत्वपूर्ण क्षेत्र पर्यटनको रणनीतिक कार्ययोजना तथा दिगो पर्यटन विकासका लागि पर्यटनमैत्री नीतिगत व्यवस्थाका साथै पर्यटकीय पूर्वाधार विकासका साथै सेवा क्षेत्रलाई एकद्धार प्रणालीबाट सरलीकृत गरिनुपर्ने औँल्याउनुभयो ।

साथै उहाँहरुले मुलुकको समग्र पर्यटन प्रवर्द्धनको जिम्मेवारी पाएको नेपाल पर्यटन बोर्डलगायत अन्तरनिकाय संस्थालाई आर्थिक रुपमा आत्मनिर्भर बनाएर पूर्ण क्षमताका साथ परिचालन गर्न आवश्यक व्यवस्थापनका लागि सरोकारवाला मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद दिव्यमणिराज भण्डारीले पर्यटन क्षेत्र अथोपार्जनका निम्ति मात्र नभई देशको पहिचान र इज्जतसँग जोडिएको विषय भएकाले पर्यटनमैत्री नीति र पूर्वाधार विकासका साथै पर्यटकीय सेवालाई एकद्धार प्रणालीबाट सेवा दिएर सरलीकृत गर्दै लैजानुपर्ने बताउनुभयो ।

सांसद रेणुका गुरुङले आर्थिक स्रोतको प्रमुख आधार मानिने पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि स्थापित बोर्डलाई आर्थिक रुपमा समृद्ध बनाइ काम कारवाहीलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो ।

सांसद पुष्पा भुसाल गौतमले थोरै लगानीबाट तत्कालै लाभ लिन सकिने तथा बढीभन्दा बढी रोजगारी सिर्जना हुने पर्यटन क्षेत्रलाई सरकारले बजेट व्यवस्थापनका साथै जनशक्ति र स्रोत साधनलाई चुस्त दुरुस्त बनाइनुपर्ने खाँचो औँल्याउनुभयो ।

सांसद सुजिता शाक्यले बोर्डले प्राथमिकतायुक्त पर्यटकीय क्षेत्रको पूर्वाधार विकास र प्रवर्द्धनका निम्ति बजेट व्यवस्थापन गर्न जरुरी रहेको बताउनुभयो ।

सांसद नारदमुनी रानाले महामारीलाई मध्यनजर गर्दै विदेशी पर्यटकलाई स्वास्थ्य मापदण्ड परिपालना गराउन सरोकारवाला निकायले ध्यान दिनुपर्ने बताउनुभयो । सांसद पुष्पाकुमारी कर्ण कायस्थ, चाँद तारा कुमारीलगायतले छिमेकी मुलुक भारत र चीनबाट बढीभन्दा बढी पर्यटक भित्र्याउन प्रवर्द्धनात्मक रणनीति अख्तियार गरिनुपर्नेमा जोड दिनुभयो । समितिका सभापति पवित्रा निरौला (खरेल) ले पर्यटनमैत्री कानून तथा बजेट व्यवस्थापनका सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग आफूले चरणबद्ध छलफल गरेको समितिलाई जानकारी गराउँदै पर्यटकीय पूर्वाधार विकास, अन्तर निकायबीचको समन्वयलाई प्रभावकारी बनाएर धेरै सङ्ख्यामा विदेशी पर्यटक भित्र्याउने वातावरण बनाउन लाग्नुपर्ने बताउनुभयो ।

उहाँले हिमाल, पहाड र तराई क्षेत्रको पर्यटनलाई तीन तहका सरकारबीचको समन्वय तथा साझेदारीमा पूर्वाधार विकास, गन्तव्य प्रवर्द्धन गरिनुपर्नेमा जोड दिनुभयो । सात प्रदेशमा कम्तीमा सात पर्यटकीय गन्तव्य स्थापित गर्न तथा यसअघि घोषणा गरिएका एक सय पर्यटकीय गन्तव्यलाई स्थानीय तह सँगको साझेदारीमा अघि बढाइनुपर्नेमा जोड दिनुभयो। सभापति निरौलाले पर्यटन क्षेत्रमा गरिनुपर्ने तत्कालीन सुधारबारे बुँदागत रुपमा ल्याउन बोर्डलाई निर्देशन दिँदै यस सन्दर्भमा समितिले सरकारलाई आवश्यक निर्देशन दिने बताउनुभयो । समितिले आज पर्यटन बोर्डसँग भएको छलफललाई निरन्तरता दिई आगामी बैठकबाट थप निर्णय लिने सभापति निरौलाले जानकारी गराउनुभयो । बार्ड तथा सरोकारवाला मन्त्रालयसँग भिन्नै छलफल गरेर समितिले आवश्यक निर्णय र निर्देशन दिने उहाँले बताउनुभयो ।

बैठकमा बोर्डका कार्यकारी प्रमुख डा धनन्जय रेग्मीले, 'आजको पर्यटनः अवसर र चुनौति बारे प्रस्तुतीकरण दिँदै कोभिड महामारीबाट सबैभन्दा बढी प्रभावित बनेको पर्यटन क्षेत्रलाई स्वास्थ्य सावधानीका साथ चलायमान बनाउन पर्यटनमैत्री कानूनका साथै आवश्यक बजेट व्यवस्थापन गरिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले महामारीबाट विश्वव्यापी रुपमा ८० देखि ९० प्रतिशत पर्यटन क्षेत्रमा असर गरेको र नेपालमा पनि करिब ८० प्रतिशत पर्यटक आगमन दर घटेको सन्दर्भमा विदेशी पर्यटक तत्कालै नबढ्ने भएकाले आन्तरिक पर्यटन प्रवर्द्धनमा रणनीतिक कार्ययोजनका साथ लाग्नु उपयुक्त हुने धारणा राख्नुभयो । विश्व पर्यटनबाट कूल गार्हस्थ उत्पादन ९जिडिपी० मा झण्डै १० प्रतिशत योगदान हुने गरेको तर नेपालको प्रमुख तीनखम्मे अर्थनीतिको एक पर्यटन क्षेत्रबाट करिब तीन प्रतिशत मात्रै योगदान रहनुमा तथ्याङ्क प्रणाली व्यवस्थित गरेर यसको गोगदान र महत्वलाई प्रभावकारी बनाइनुपर्नेमा उहाँले जोड दिनुभयो। पछिल्लो पाँच वर्षमा भारत, चीन, अमेरिकाबाट सर्वाधिक सङ्ख्यामा पर्यटक आएका र हालको महामारीकै बीच सन २०२० र २०२१ को शुरुआती तीन महिनामा पनि यी तीन मुलुकबाट बढी पर्यटक आएकाले पर्यटन प्रवर्द्धनका गतिविधि पनि लक्षित मुलुक र गन्तव्यमा केन्द्रित गरिनुका साथै आन्तरिक पर्यटन विकासलाई प्राथमिकता दिइनुपर्ने उहाँले बताउनुभयो ।समितिको बैठकमा विविध विषयअन्तर्गत समिति मातहत बनेका विभिन्न 'डेस्क को रिपोर्टिङ गरिएको थियो । त्यस अन्तर्गत नागरिक उड्डयन तथा युरोपेली मुलुकको डेस्क हेर्ने संयोजक दिव्यमणिराज भण्डारी तथा उत्तर अमेरिका, दक्षिण अमेरिका र क्यानाडा डेस्ककातर्फ बाट रेणुका गुरुङले हाल सम्मको गतिविधि बारे समितिलाई जानकारी गराउनु भएको थियो ।




ओएसिस केमिकल ट्रेडर्स
फिनाईल,फ्लोर क्लिनर,टाँयलेट क्लिनर, टायल्स क्लिनर,ग्लास क्लिनर,डिसवास, हैन्डवास,काँपर ब्रास क्लिनर(पिताम्बर) को अनलाइन बिकेता
https://www.facebook.com/Oyesis-chemical , Whatsapp:- 9854028150
सम्पर्क :- जनकपुरधाम (९८४४३२५६६२ ) काठमाडौं (९८०८३८२७३३)



सुचना ! सुचना !! सुचना !!!

**सुरक्षित फोहर व्यवस्थापन गराई स्वस्थ जीवन बाँच्नु होस ।**

घर, पसल, कार्यालय, स्कुल, कलेज, होटल, प्रतिष्ठान, मठ मन्दिर, संघ संस्था, अस्पताल, नसिङ्ग होम, निजि क्लिनिक तथा नास्ता पसल बाट उत्पादन भएका जैविक, अजैविक तथा हानिकारक फोहर लगायतका अन्य कबाडहरु व्यवस्थापन गराउन सम्पर्क राख्नु होस ।

१) जैविक फोहर : (मठ मन्दिरबाट निस्केको बेलपत्र, अगरबतीका खोल, भान्सा-घरको बेकार खानेकुरा, कागज, कुट, घरआँगन तथा बगैंचाका बहारण, सैप्टिक टैंक सफाई इत्यादी)
२) अजैविक फोहर : (पानीको बोतल, टुटेफुटेका प्लास्टिकका सामानहरु, शिशाका बोतल, पन्नी, पोलीथिन बैग, इटाँ, पत्थर, माटो, लोहा, टिन, अल्मुनियम, लकडी, इलेक्ट्रीकका खराब सामानहरु)
३) हानिकारक फोहर : पट्टी, प्लास्टर, सुई, सिरिंच लगाायत अन्य स्वास्थजन्य सर्जिकल फोहरहरु
४) पालुवा जनावर : गाई, भैंसी, कुकुर, बिरालो इत्यादिका सिनो ।

***नोट*** *: रिसाईकलमा काम लाग्ने फोहर तथा वस्तुहरुको सुपथ मुल्य तथा उपहारहरु (फिनाईल, हार्पिक, फ्लोर क्लिनर, सेनिटाइजर) उपलब्ध गराइने छ ।*

(क) ६० के.जी. सम्म भान्साघरको फोहर उपलब्ध गराएमा १ थान (२००ml.) को हैण्डवास दिइने छ । (बेकार खानेकुरा, सागसब्जीका कतरन-बतरन तथा कागज कुटहरु)
(ख) २०० वटा प्लाष्टिक पोलिथीनको पन्नी बैग दिएमा भाँडा धुने २०० ग्रामको साबुन उपलब्ध गराइने छ ।
(चाउचाउ, बिस्कुट, पाउरोटी, चाँक्लेट लगायत अन्य सामानहरुबाट निकालिएका प्लाष्टिकका झोलाहरु)

☞ जैविक तथा प्लास्टिकको फोहर उपलब्ध गराएको मात्रा अनुसार उपहारको सामानहरुमा बृद्धि गरिने छ ।
☞ यो सुविधा व्यवसायिक फार्मलाई उपलब्ध गराइने छैन ।
☞ शादि विवाह, पुजापाठ, भोजभात लगायत अन्य कुनै पनि अवसरमा विषेश सफाई व्यवस्था उपलब्ध गराइने छ ।

**विशेष जानकारीको लागी सम्पर्क**

**नेशनल सोलिड वेष्ट मैनेजमेन्ट एण्ड रिसाईकल सोलुशन कम्पनी लि.**

**प्रबन्धक**

(आशिष कुमार मंडल)

सम्पर्क : ९८४४०२८१५०, ९८००८८११२९, ९८४४४३१६१६

*सफाईमा भलाई ! सफाईमा भलाई !! सफाईमा भलाई !!!*

# प्रदेश २ सरकारद्वारा मधेशी शहीद प्रतिष्ठान गठन




२वैशाख,जनकपुरधाम ।

शहीद परिवार तथा आन्दोलनका क्रममा घाइते भएकाको हितमा काम गर्ने उद्देश्यले प्रदेश २ सरकारले मधेशी शहीद प्रतिष्ठान गठन गरेको छ ।

बिहीबार बसेको प्रदेश मन्त्रीपरिषद्को बैठकले मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गरेका शहीद परिवार, घाइते तथा अपांग भएका हरुको लागि समाजिक सुरक्षाको प्रबन्ध तथा व्यवस्थापन गर्न भन्दै प्रतिष्ठानको गठन गरेको हो ।

समितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र समाजिक विकास मन्त्रालयका सचिव तथा मधेशी शहीद परिवारहरु मध्ये एक जना महिलासहित दुई जना सदस्य र कार्यकारी निर्देशक सदस्य सचिव रहनेछन ।

आन्तरिक मामिला तथा कानुन मन्त्री अध्यक्ष रहने निर्देशक समितिले प्रतिष्ठान संचालन गर्ने भएका छन ।

शहीद परिवारबाट दुई जना सदस्यको मनोनित भने निर्देशक समितिका अध्यक्षले नै गर्ने छन ।२०६३ सालदेखि पटक( पटक भएको मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गरेका शहीदको परिवार ,घाइते भई अपांग भएका् हरुको समाजिक सुरक्षाको व्यवस्थापन गर्न प्रतिष्ठान गठन गरिएको प्रदेश सरकारका प्रवक्ता समेत रहनुभएका आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र कुमार यादवले जानकारी दिए ।

प्रतिष्ठानले शहीद परिवार घाइते भई अपांग भएकाहरुको लागि स्वास्थ्य, शिक्षा, रोजगारी, जीवन निर्वाह भत्ता, आर्थिक उन्रुनती आदि सम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गराउने, शहीद पार्क निर्माणको लागि स्थानको छनौट लगायत पीडितहरु लक्षित रोजगार मूलक तथा सिप मुलक कार्यक्रमहरु संचालन गर्ने मन्त्री यादवको भनाई छ ।

एमडी कक्षा सञ्चालनका लागि ९ करोड अनुदान बिहीबारको मन्त्रीपरिषद् बैठकले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एमडीको पठनपाठन प्रारम्भ गर्नको लागि रु. ९ करोड ३२ लाख १० हजार अनुदान दिने निर्णय गरेको छ । यस्तै, ्रामनवमी, कृष्णाजन्माष्टमी, छठ पर्व (पारनको दिन), विवाह पञ्चमी, मोहम्मद डे, इद, बकरइद, बलिदानी दिवस( मधेश शहीदहरुको स्मृती दिवस), जुडशीत्तल, होली( होलीको भोलीपल्ट), जानकी नवमीमा प्रदेश सरकारले थप विदा दिने निर्णय गरेको छ ।

# आफ्नै सन्तान बिहे गर्न पाउँ भन्दै अदालतमा निवेदन

२वैशाख ।

बुवा आमा र उनीहरुका सन्तानबीचको सम्बन्ध पवित्र, माया र सद्भावले भरिपूर्ण अनि दुनियाँले कुनै प्रश्न उठाउन नसक्ने खालको हुन्छ ।

भलै कतिपय दुराचारीहरुले आफ्नै छोरीलाई यौनजन्य दुर्व्यवहार गरेका घटना सार्वजनिक हुने गरेका छन बेला बेलामा ।हामीकहाँ अभिभावकले आफ्नै सन्तानलाई बिहे गर्ने भन्ने कुरा कल्पना समेत गर्न सकिदैन । तर अमेरिकामा चाहिँ एकजना व्यक्तिले आफ्नै सन्तानसँग बिहे गर्न पाउँ भनेर अदालतमा निवेदन दिएका छन ।अमेरिकाको न्युयोर्कमा बस्ने ती व्यक्तिले म्यानहटन संघीय



अदालतमा यो महिनाको सुरुतिर उक्त निवेदन दर्ता गर ेको बताइएको छ ।हाडनाताको अवैध सम्बन्धलाई प्रतिबन्धित गर्ने अमेरिकी कानुन खारेज गरी आफ्नो वयस्क सन्तानसँग आफूलाई बिहे गर्न अनुमति दिनुपर्ने उनको माँग रहेको छ । समाजमा नैतिक, सामाजिक तथा जैविकरुपले समेत अस्वीकार्य मानिने उक्त कामका लागि अनुमति मागने ती अभिभावक र उनले बिहे गर्न चाहेको आफ्नो सन्तानको नाम, उमेर, लिङ्ग आदि अदालतले गोप्य राखिदिएको छ ।

अप्रिल १ मा अदालतमा हालेको फिरादपत्रमा उनले भनेका छन, 'अगाडि जुनसुकै सम्बन्धमा रहेका भए पनि बिहे पश्चात बिहेको आत्मीय बन्धनमार्फत दुई व्यक्तिले उच्चस्तरको अभिव्यक्ति, आत्मीयता र आध्यात्मिकता प्राप्त गर्न सक्दछन । अदालतका अनुसार निवेदनमार्फत बिहेको अनुमति मागिएका प्रस्तावित दम्पती दुवैजना वयस्क छन । उनीहरु जैविकरुपले अभिभावक र सन्तान हुन । तर उनीहरु सँगै प्रजनन गर्न सक्दैनन् ।न्युयोर्कमा हाडनाता करणी कानुनतः बर्जित छ र उक्त अपराधमा ४ वर्षसम्मको जेल सजाय हुन्छ । त्यस्तै हाडनातामा गरिएको बिहे रद्द गरिने र त्यसरी बिहे गर्नेलाई ६ महिनाको जेल सजाय हुने कानुनी प्रावधान छ ।

(एजेन्सीको सहयोगमा)

## जसपाको....

........हुन्छ नि ? यसपालि कसैको कुसीको लागि जसपा उधारो सहमती गर्दैन । कार्यक्रममा प्रदेश २ का भौतीक पुर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले जसपाको मांग पुरा गर्ने शक्ति जो सुकै भएपनि मुख नहेरी अगाडि बढन मञ्चमा आसिन नेता महतो सहित पाटीका शिर्षनेताहरुलाई आग्रह गरेका छन ।

उनले भने, 'हामीले मुख हेर्ने होइन मांग कस्ले पुरा गरयौं उसै संग मिलेर अगाडि बढने हो किनकी मधेश र मधेशीका लागि सबै उस्तै हो ।

कार्यक्रमका बिच नेपाल पत्रकार महासंघको प्रदेश र जिल्ला कार्यसमिति तथा जनकपुरधाम उद्योग बाणिज्य संघको नव निर्वाचित कार्य समितिका पदाधिकारीहरुलाई सम्मान गरिएको थियो ।

# बैंगलुरूबाट हार बेहोर्दा त्रिभुवन आमी एएफसी कपबाट बाहिरियो

२वैशाखकाठमाडौं ।

त्रिभुवन आमी फुटबल क्लब एसियाली फुटबल सङ्घको क्लबस्तरीय खेलको प्रारम्भिक चरणबाटै बाहिरिएको छ ।

प्रारम्भिक चरणको दोस्रो खेलमा त्रिभुवन आमी भारतको बैंगलुरु एफसीबाट हार बेहोर्न पुग्यो ।भारतको गोवामा गए र ाति अबेर सम्पन्न खेलमा त्रिभुवन आमीले ०-५ को फराकिलो अन्तर को हार बेहोयो । पहिलो हाफमा गोलरहित बराबरी खेलेर उत्कृष्ट खेल पस्केको आमीले दोस्रो हाफको सुरुवाती २० मिनेट नियन्त्रण गुमाउँदा बैंगलुरुले एक पछि अर्को गर्दै पाँच गोल थप्यो । बैंगलुरु एफसी एएफसी कप फुटबलको प्ले अफमा प्रवेश गरेको छ ।

बैंगलुरुका लागि राहुल भेके र क्लेटन सिल्भाले सामान दुई दुई गोल गर्नुभयो । बैंगलुरुका कप्तान सुनिल क्षेत्रीले एक गोल गर्दा घरेलु मैदानमा उसले ५-० को जित सुनिश्चित गयो । त्रिभुवन आमीले प्रारम्भिक चर णको पहिलो खेलमा श्रीलङ्काली



पुलिसमाथि फराकिलो अन्तरको जित हात पारेको थियो ।

खेल सुरु भएको १३ औं र १५ औं मिनेटमै त्रिभुवन आमीले गोल गर्ने अवसर पाएको थियो । तर बैंगलुरुका गुरप्रित सिंहले छेक्दा आमीले अग्रता लिन सकेन । दुई मिनेटपछि नवयुगले गर्नुभएको प्रहार समेत राहुल भेकेले विफल तुल्याउनुभयो ।

(तस्बिर : एएफसी)

ईन्टरनेट अनलाइन मार्फत देश-विदेशमा जनकपुरधाम क्षेत्र समेतका समाचार, घटना र विचार पढन् तथा हेर्नका लागी Login गर्नु होस ।

www.ejanakpurkhabar.com

JANAKPUR KHABAR
First - Fast - Accurate

ओएसिस केमिकल ट्रेडर्स
ओर्गेनिक फिनाईल,फ्लोर क्लिनर,टाँयलेट क्लिनर, टायल्स क्लिनर,ग्लास क्लिनर, डिसवास,हैन्डवास,काँपर ब्रास क्लिनर(पिताम्बर) को अनलाइन बिकेता
https://www.facebook.com/Oyesis-chemical , whatsapp:-9854028150
सम्पर्क : जनकपुरधाम (९८४४३२५६६२) काठमाडौं (९८०८३८२७३३)

## दिल्लीमा कोरोना....

.....मृत्यु भएको छ। उत्तर प्रदेश र दिल्लीमा बुधबार महामारी शुरु भएदेखिकै सबै भन्दा बढी कोरोना संक्रमित फेला पर ेका थिए। पछिल्लो २४ घण्टामा उत्तर प्रदेशमा २० हजार ५१० कोरोना संक्रमित थपिएका थिए। योसँगै कोरोना संक्रमितको संख्या ७ लाख ४४ हजार २१ पुगेको छ ।

राज्य सरकारले बिहीबार देखि साँझ ८ बजेदेखि बिहान साढे ७ सम्म नोएडा, लखनउ, वाराणसी, प्रयागराज, गाजियाबाद, मेरठ, कानपुर नगर र गोरखपुरमा रातिकालीन कर्फ्यू लगाइएको छ।






जि.प्रशा.का.महोत्तरी दर्ता नं.५३/०७७/०७८


# ब्राजिलमा चौबीस घण्टामा तीन हजार चार सयभन्दा बढीको मृत्यु



२वैशाख,साओ पाउलो।

ब्राजिलमा २४ घण्टाको अवधीमा कोरोना सङ्क्रमणको कारण तीन हजार ४५९ जनाको मृत्यु भएको छ। प्रकोपबाट हालसम्म ज्यान गुमाउनेको संख्या तीन लाख ६१ हजार ८८४ पुगेको छ। सोही अवधीमा ७३ हजार ५१३ थप व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमणको पुष्टि भएको छ। कुल सङ्क्रमितको संख्या एक करोड ३६ लाख ७३ हजार ५०७ जना पुगेको ब्राजिली स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

ब्राजिलको साओ पाउलो शहर कोरोना भाइरसको कारण अति प्रभावित भएको छ। कोरोना भाइरसको महामारी शुरु भएदेखि हालसम्म २६ लाख ८६ हजार ३१ जना सङ्क्रमित भएका छन् भने सङ्क्रमणबाट ८५ हजार ४७५ जनाको मृत्यु भएको छ।

ब्राजिलमा जनवरी १७ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म तीन करोड २१ लाख ५० हजार व्यक्ति खोप लगाएका छन्।ब्राजिलमा गत जनवरीदेखि कोरोना नयाँ लहर देखिएको र देशका धेरै राज्यको स्वास्थ्य सेवा प्रणालीहरुमा अधिक भार परेको जनाइएको छ।

रासस/सिन्ह्वा

# पाकिस्तानमा फ्रान्स विरोधी गतिविधि बढ्दै, आफ्ना नागरिकलाई पाकिस्तान छाड्न फ्रान्सको आग्रह



(पाकिस्तानमा फ्रान्सविरुद्ध प्रदर्शन)

२वैशाख।

फ्रान्सले आफ्ना नागरिकलाई अस्थायी रूपमा पाकिस्तान छाड्न आग्रह गरेको छ।

पाकिस्तानमा फ्रान्स विरोधी प्रदर्शन बढ्दै गएपछि इस्लामावादमा रहेको दूतावासले आफ्ना नागरिक र कम्पनीलाई पाकिस्तान छाड्न आग्रह गरेको बीबीसीले जनाएको छ। पाकिस्तानमा फ्रान्सको हितमा गम्भीर खतराका कारण फ्रान्सेली नागरिक र कम्पनीहरुलाई अस्थायी रूपमा पाकिस्तान छाड्न सल्लाह दिइएको सञ्चार संस्था फ्रान्स २४ ले जनाएको छ। एक दिनअघि पाकिस्तानको गृह मन्त्रालयले तहरीक-ए-लब्बैक पाकिस्तानविरुद्ध कानुनी कारबाही गर्ने बताएपछि फ्रान्सले यो कदम अपनाएको फ्रान्स २४ ले जनाएको छ। तहरीक-ए-लब्बैक पाकिस्तानको कट्टरपन्थी इस्लामी समूह हो, जसलाई पाकिस्तानमा भएको फ्रान्स विरोधी प्रदर्शनको जिम्मेवार मानिएको छ।

एक फ्रान्सेली म्यागेजिनले पैगम्बर मोहम्मदको कार्टुन फेरि प्रकाशित गरेपछि विरोध जनाइएको थियो। पैगम्बर मोहम्मदको चित्रण गर्नु इस्लाम धर्ममा वर्जित जस्तै मानिएको छ।(ऐजेन्सी)

# दिल्लीमा कोरोना संक्रमित बढ्दै, हप्ताको दुई दिन कर्फ्यु



२वैशाख,नयाँ दिल्ली।

कोरोना भाइरसको सबैभन्दा बढी प्रभाव देखिएको भारतको राजधानी दिल्लीमा कर्फ्यूको लागू हुने भएको छ। बिहीबार दिल्लीका मुख्यमन्त्री अरवीन्द केजरीवालले अब देखि हरेक सप्ताहन्तमा दिल्लीमा कर्फ्यू लाग्ने जान कारी दिएका हुन्।

' शनिबार र आइतबार कर्फ्यू लगाइने छ। सो दिन मानिसहरु मनोरन्जनका लागि जम्मा हुने गर्छन्, अहिले अवस्था नाजुक भएकाले कामको दिनबाहेक सप्ताहन्तमा कर्फ्यू लाग्ने छ, उनले भने।

उनले अति आवश्यक सेवामा कार्यरत व्यक्तिलाई पास जारी गरिने समेत जानकारी दिए।'अति आवश्यक सेवामा कार्यरत व्यक्ति लाई पास जारी गरिनेछ।

जिमखाना, मल र प्रतिक्षालयहरू बन्द हुनेछन्। रेस्टुराँ र खाद्यान्न व्यवसायीलाई होम डेलिभरी गर्न अनुमति दिइने छ, उनले भने। गत २४ घण्टमा दिल्लीमा १७ हजार २८२ संक्रमित फेला परेका थिए।

योसँगै संक्रमितको संख्या ७ लाख ६६ हजार ४३८ पुगेको छ। भारतमा अहिले दैनिक एक लाखभन्दा बढीको दरमा कोरोना थपिरहेका छन्। गएको २४ घण्टामा भारतमा २ लाख ७ सय ३९ संक्रमित फेला परेको थियो। जुन गत वर्षको महामारीको शुरू भएदेखि सबैभन्दा बढी हो। केन्द्रीय स्वास्थ्य मन्त्रालयको अनुसार लगातार दोस्रो दिन हजारभन्दा बढी कोरोना संक्रमितको ...बाँकी पृष्ठ ७ मा

# प्रधानमन्त्री तथा ठाकुर......

.......माँग मध्ये सरकारले मुद्दा खारेज गर्न र रेशम चौधरीलाई रिहाइ गर्न प्रक्रिया अघि बढाएको छ। पछिल्लो समय जसपाका अध्यक्ष ठाकुर प्रधानमन्त्रीसँग निकटता बढाउँदै गएका छन यस बीचमा उनले प्रधानमन्त्रीसँग एक्ला एक्लै र संयुक्त गरी पटक पटक भेट गरिसकेका छन जसपा भित्र अहिले एउटा धार प्रधानमन्त्रीसँग मिल्ने पक्षमा छ भने अर्को धार प्रधानमन्त्रीसँग कुनै पनि अवस्थामा मिल्नु हुँदैन भन्ने लाइनमा छनमिल्नु पर्छ भन्ने पक्षको लाइनको नेतृत्व ठाकुरले गरेका छन भने कुनै पनि अवस्थामा मिल्नु हुँदैन भन्ने लाइनको नेतृत्व उपेन्द्र यादवले गरेका छन जसपामा दुई धारको विवाद बढ्दै गएको छ।




मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,धिरापुर
महोत्तरी,प्रदेश २




जनकपुरखबर मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित सम्पादक : निरजकुमार मंडल. सह-सम्पादक : रवि मंडल मुद्रक : मोडल अफसेट प्रेस ,जनकपुरधाम।
website : www.ejanakpurkhabar.com, en.ejanakpurkhabar.com : facebook : janakpurkhar : twitter : @janakpurkhabar : youtube : janakpurkhabar